निर्णय नं. १

सूचना प्रविधिको प्रयोग गरि सेवा प्रवाह गर्दा सेवा प्रवाहमा प्रभावकारीता आउने, विषेश गरी सार्वजनिक स्थानमा आवतजावत गर्ने सेवाग्राही र यात्रुहरुलाई तत्काल सार्वजनिक सूचनाको समेत जानकारी आवश्यक हुने हुँदा इन्टरनेटको प्रयोग जरुरी भएकोले उक्त कुरालाई मध्यनजर गरि भरतपुर महानगरपालिकाको केन्द्रिय बस टर्मिनल र पुरानो बसपार्क (पोखरा बसपार्क) मा २ Mbps क्षमताको Free Wifi सुविधा प्रदान गर्ने र अन्य क्षेत्रमा सम्भाव्यता अध्ययन गरी विस्तार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. २

यस भरतपुर महानगरपालिकामा हालै आएको अविरल वर्षाका कारण क्षति भएका भौतिक संरचनाहरु (सडक, पुल, पुलेसा) को तत्काल मर्मत संभार गरी सूचारु गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विषेश परिस्थतीमा निर्माण गर्ने प्रक्रिया अवलम्बन गरी वडा कार्यालय मार्फत गर्ने र वर्षातका समयमा भएको डुवान हटाउन वडा कार्यालय मार्फत भएको कार्यहरु समर्थन गरी नगर कार्यपालिकाबाट भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

नगरपालिकाको वैठक अनुशासीत र मर्यादीत रुपमा संचालन गर्न कार्यविधि तयार गरी संचालन गर्न आवश्यक भएकोले संलग्न प्रस्ताव बमोजिम कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिकाका नवनिर्वाचित प्रमुख र उप–प्रमुखबाट पद बहालिको क्रममा निर्णय भएको भरतपुर अस्पतालमा परिक्षण गर्न जाने महिला र ६० वर्ष भन्दा माथिका पुरुषलाई निःशुल्क बहिरङ्ग टिकट उपलव्ध गराउने र सो वापत लाग्ने शुल्क भरतपुर अस्पतालबाट प्रत्येक महिना प्राप्त हुने विल बमोजिमको रकम महानगरपालिकाको आन्तरिक आयबाट खर्च गर्ने र मातृ शिशुको खोप कार्यक्रमलाई विस्तार गरि प्रभावकारी बनाउने निर्णय समर्थन गरियो ।

निर्णय नं. ५

यहि श्रावण २७, २८ र २९ गते आएको अविरल वर्षाका कारण महानगरपालिकाका अधिकांश भाग र विषेश गरी वडा नं. १३, २२, २७ र २८ मा भएको भौतिक क्षति र चितवन जिल्ला लगायत नेपालका विभिन्न भागमा भएको धनजनको क्षति प्रति यो वैठक हार्दिक सहानुभूति व्यक्त गर्दछ। उक्त वर्षा र वाढी पहिरोको कारण घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मृत्यु भएका प्रति हार्दिक श्रद्धाञ्जली र परिवारमा हार्दिक संवेदना प्रकट गर्दछ । उल्लेखित वर्षा र वाढी पहिरोबाट यस महानगरपालिकाका विभिन्न वडामा विस्थापित भएका परिवारहरुलाई राहत वितरणमा सहयोग गर्ने सवै निकाय प्रति हार्दिक धन्यवाद व्यक्त गरी क्षतिग्रस्त संरचना निर्माणमा भरतपुर महानगरपालिका,नगर कार्यपालिकाको कार्यालय द्रुत गतिमा लाग्ने निर्णय गरियो ।

**विविध :**

निर्णय नं. १

यहि November 5-8, 2017 सम्म श्रीलंकामा आयोजना हुने एसिया प्रसान्त क्षेत्रका नगर प्रमुखहरुको CITYNET Conference कार्यक्रममा सहभागिता हुन प्रमुख श्री रेनु दाहालज्यूलाई निमन्त्रणा प्राप्त भएकोले उक्त कार्यक्रममा प्रमुखज्यू सहभागी हुने निर्णय गरियो ।

निर्णय नं. २

यस महानगर क्षेत्रभित्र सडकमा देखिने छाडा चौपायाहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गरियो । यसका लागि आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।